**राजस्व न्यायाधिकरण काठमाडौ**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवनकुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**<u>फैसला</u>**

**२०७५/७६ सालको निर्णय नं. ११४**

**पुनरावेदन नं. : ९७-०७३-RB-०४२६**

**मुद्दाः- भन्सार चोरी पैठारी।**

पर्सा जिल्ला वीरगंज उपमहानगरपालिका वडा नं. ७ अलखिया रोडस्थित अन्नपूर्ण किराना भण्डार (स्थायी लेखा नं. ३०००७८१९४) को प्रोप्राइटर प्रेमचन्द्र गोयल.............................................................................................१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

प्र.ना.उ. होविन्द्र बोगटी समेतको प्रतिवेदनले नेपाल सरकार...............................१

श्री राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रिय कार्यालय पथलैया बारा.......................१ } प्रत्यर्थी

ऐ. ऐ. का प्रमुख अनुसन्धान अधिकृत...........................................................१

**२०७५/७६ सालको निर्णय नं. ११५**

**पुनरावेदन नं. : ९७-०७३-RB-०४४४**

पर्सा जिल्ला वीरगंज उपमहानगरपालिका वडा नं. १३ आदर्शनगरस्थित रामदेवरा इन्टरनेशनल शाखा कार्यालय का.म.न.पा. वडा नं. १४ कलंकी (स्थायी लेखा नं. ३०५७४१६५३) को प्रोप्राइटर आदिप कुमार चाचान.....................................१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

प्र.ना.उ. होविन्द्र बोगटी समेतको प्रतिवेदनले नेपाल सरकार...............................१ } प्रत्यर्थी

श्री राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रिय कार्यालय पथलैया बारा.......................१
ऐ. ऐ. का प्रमुख अनुसन्धान अधिकृत..........................................................१

## २०७५/७६ सालको निर्णय नं. ११६
## पुनरावेदन नं. : ९७-०७३-RB-०४४५

पर्सा जिल्ला वीरगंज उपमहानगरपालिका वडा नं. १३ आदर्शनगरस्थित निधि इम्पेक्स शाखा कार्यालय का.म.न.पा. वडा नं. २ सानेपा (स्थायी लेखा नं. ३०३०१९९४७) को प्रोप्राइटर विनय कुमार कलवार..........................................................१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

प्र.ना.उ. होविन्द्र बोगटी समेतको प्रतिवेदनले नेपाल सरकार..............................१
श्री राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रिय कार्यालय पथलैया बारा.......................१
ऐ. ऐ. का प्रमुख अनुसन्धान अधिकृत..........................................................१ } प्रत्यर्थी

## २०७५/७६ सालको निर्णय नं. ११७
## पुनरावेदन नं. : ९७-०७३-RB-०४४६

पर्सा जिल्ला वीरगंज उपमहानगरपालिका वडा नं. १९ स्थित एच. एन. वि. ट्रेड कन्सर्न (स्थायी लेखा नं. ३०१४४६१६२) को प्रोप्राइटर विरेन्द्र बहादुर कुर्मी क्षेत्री..........................................................................................१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

प्र.ना.उ. होविन्द्र बोगटी समेतको प्रतिवेदनले नेपाल सरकार..............................१
श्री राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रिय कार्यालय पथलैया बारा.......................१
ऐ. ऐ. का प्रमुख अनुसन्धान अधिकृत..........................................................१ } प्रत्यर्थी

## २०७५/७६ सालको निर्णय नं. ११८
## पुनरावेदन नं. : ९७-०७५-RB-००१७

मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ५ बस्ने रामप्रसाद सुवेदीको नाती नन्द प्रसाद सुवेदीको छोरा वर्ष २४ को भुषण सुवेदी..............................................१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

प्र.ना.उ. होविन्द्र बोगटी समेतको प्रतिवेदनले नेपाल सरकार..............................१
श्री राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रिय कार्यालय पथलैया बारा.......................१
ऐ. ऐ. का प्रमुख अनुसन्धान अधिकृत..........................................................१ } प्रत्यर्थी

शुरु निर्णय गर्ने पदाधिकारीः- प्रमुख अनुसन्धान अधिकृत ज्ञानेन्द्रराज ढकाल।
शुरु निर्णय मितिः- २०७३/०३/१५
शुरु निर्णय गर्ने कार्यालयः- श्री राजस्व अनुसन्धन मध्यमाञ्चल क्षेत्रीय कार्यालय, बारा ।

यसमा राजस्व अनुसन्धन मध्यमाञ्चल क्षेत्रीय कार्यालय, बाराका प्र प्रमुख अनुसन्धान अधिकृत ज्ञानेन्द्रराज ढकाल ले मिति २०७३/०३/१५ मा गर्नुभएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम प्रतिवादीहरूको पुनरावेदन दर्ता भई सुनुवाईको लागि पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः-

## मुद्दाको तथ्य

१. भन्सार तस्करहरुले कपडा समेतका विभिन्न सामानहरु भन्सार छली चारी ल्याई ना.३ख ४९५२ नं. को कन्टेनरमा लोड गरी अवैध रुपमा विरगंजबाट काठमाडौं तर्फ लैजाँदै छ भन्ने सूचनाको आधारमा प्रहरी कार्यालय पर्साबाट खटी गएको गस्ती टोलीले खोजतलासको क्रममा मिति २०७२।७।१४ गते विहान अन्दाजी १.१५ बजेको समयमा जिल्ला पर्सा विरगंज म.न.पा. वडा नं. २४ परवानीपुरमा ना३.ख ४९५२ नं. को कन्टेनर काठमाडौ तर्फ गइरहेको अवस्थामा फेला पारी सो कन्टेनरका चालकसँग कन्टेनरमा लोड रहेका सामानहरुको प्रज्ञापनपत्र विल भरपाई समेतका कागजात माग गर्दा पुरानो मितिको भन्सार प्रज्ञापनपत्रको फोटोकपी समेतका कागजात पेश गरेकोले उक्त कन्टेनर जस्ताको तस्तै माल सहित नियन्त्रणमा लिई सुख्खा बन्दरगाह भन्सार कार्यालयको मिति २०७१।५।४ गतेको प्र.द.नं. **M** ९०३८, विरगंज भन्सार कार्यालयको मिति २०७१।६।६ को प्र.द.नं. **M**१२५५२३ मिति २०७२।४।१८ प्र.द.नं. **M**९७७५९४, मिति २०७२।५।२६ प्र.द.नं. **M**१०८७१५ र मिति २०७२।६।१ को प्र.दन.नं. **M**११०६९८ को प्रज्ञापनपत्रको फोटोकपी सहित पेश गरेका छौं आवश्यक कारवाही गरी पाउँ भन्ने प्र.ना.उ. होविन्द्र बोगटी समेतको प्रतिवेदन ।
२. मिति २०७२।७।१४ गतेका दिन विहान १.१५ बजेको समयमा विरगंजबाट काठमाडौं तर्फ गइरहेको ना. ३ ख ४९५२ नं. को कन्टेनरमा विभिन्न सामानहरु भन्सार चोरी गरी लैजादै छ भन्ने सूचनाको आधारमा जिल्ला पर्सा विरगंज म.न.पा. वडा नं. २४ परवानीपुरमा ना३.ख ४९५२ नं. को कन्टेनर काठमाडौ तर्फ गइरहेको अवस्थामा फेला पारी सो कन्टेनरका चालक सँग कन्टेनरमा लोड रहेका सामानहरुको प्रज्ञापनपत्र विल भरपाई समेतका कागजात माग गर्दा पुरानो मितिको भन्सार प्रज्ञापनपत्रको फोटोकपी समेतका कागजात पेश गरेकोले उक्त कन्टेनर जस्ताको तस्तै माल सहित नियन्त्रणमा लिई सुख्खा बन्दरगाह भन्सार कार्यालयको मिति २०७१।५।४ गतेको प्र.द.नं. **M**९०३८, विरगंज भन्सार कार्यालयको मिति २०७१।६।६ को प्र.द.नं. **M**१२५५२३ मिति २०७२।४।१८ प्र.द.नं. **M**९७७५९४, मिति २०७२।५।२६ प्र.द.नं. **M**१०८७१५ र मिति २०७२।६।१ को प्र.द.नं. **M**११०६९८ को प्रज्ञापनपत्रको फोटोकपी सहित कन्टेनर गाडि राजस्व अनुसन्धान विभाग क्षेत्रिय कार्यालय

बारा कानूनी कारवाहीको लागि पठाइएको भन्ने मिति २०७२।७।१५ को प्र.ना.उ. होविन्द्र बोगटीको प्रतिवेदन ।

३. जिल्ला प्रहरी कार्यालय पर्साको उपरोक्त पत्रानुसार यस कार्यालयमा प्राप्त भएको ना.३.ख ४९५२ नं. को कन्टेनरमा भएको प्रज्ञापनपत्र, कर विजक अनुसारको सामान रुजु गरी हेरी भिडाई मालसामान फिर्ता पाउँ भनी एच एण्ड वि ट्रेड कन्सर्न वीरगंजका प्रोप्राइटर विरेन्द्र बहादुर कुर्मी क्षेत्रीले मिति २०७२।७।२९ मा हुलाकमार्फत पठाएको निवेदन मिति २०७२।८।२ मा प्राप्त भएको, अन्नपूर्ण किनारा भण्डार वीरगंजका प्रोप्राइटर प्रेमचन्द्र गोयलले मिति २०७२।७।२९ मा हुलाकमार्फत पठाएको निवेदन मिति २०७२।८।३ मा प्राप्त भएको, निधि ट्रेड इम्पेक्स वीरगंजका प्रोप्राइटर विनय कुमार कलवारले मिति २०७२।७।३० मा हुलाकमार्फत पठाएको निवेदन मिति २०७२।८।२० मा प्राप्त भएको र रामदेवरा इन्टरनेशनल वीरगंजका प्रोप्राइटर आदिपकुमार चाचानले मिति २०७२।७।२९ मा हुलाकमार्फत पठाएको निवेदन मिति २०७२।८।३ मा यस कार्यालयमा प्राप्त भएको ।

४. एच.एण्ड वि. ट्रेड कन्सर्न (स्थायी लेखा नं. ३०१३४६१६२) प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अन्तर्गत वाणिज्य कार्यालयमा प्रा.प्र.र.नं. ३१८२७।०७०।०७१बाट मिति २०७०।९।१ मा दर्ता भई आन्तरिक राजस्व कार्यालयबाट स्थायी प्रमाणपत्र प्राप्त गरी व्यापार व्यवसाय गरी आएकोमा मिति २०७२।४।१८ मा प्रज्ञापनपत्र नं. एम. ९७५९४ बाट सलवार सुट, मिति २०७२।५।२६ मा प्रज्ञापनपत्र नं. एम १०८७१५ बाट लेडिज कुर्था सलवार सेट वीरगंज भन्सार कार्यालयबाट अनुमति लिई कारोबार गरेको र सोही सामान मध्ये विजक नं. १११ बाट श्याम ट्रेडर्सको लागि ना. ३ ख ४९५२ नं. को कन्टेनरमा राखी काठमाडौं लैजाने क्रममा गैरकानूनी तवरले जिल्ला प्रहरी कार्यालय, पर्साले परवानीपुरमा पक्राउ गरी राजस्व अनुसन्धान कार्यालय, पथलैया बारा पेश गरेको हुँदा सो गैरकानूनी कार्यका विरुद्धमा परमादेशको आदेश जारी गरी पाउँ भनी एच एण्ड वि ट्रेड कन्सर्नका प्रो. विरेन्द्र बहादुर कुर्मी क्षेत्रीले पुनरावेदन अदालत हेटौडामा दायर गरेको २०७२-WO-०१०५ को परमादेशको रिट निवेदनमा प्रज्ञापनपत्र, विल विजक निवेदक कम्पनीले दाखेल गर्न सकेको नदेखिंदा रिट निवेदन खारेज हुने ठहर्छ भनी मिति २०७२।९।२२ मा फैसला भएको देखिन्छ ।

५. अन्नपूर्ण किराना भण्डार (स्थायी लेखा नं. ३०००७८१९४) प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अन्तर्गत वाणिज्य कार्यालयमा प्रा.प्र.र.नं. १९७७८।०६०।०६१ बाट मिति २०६०।८।२५ मा दर्ता भई आन्तरिक राजस्व कार्यालयबाट सथायी प्रमाणपत्र प्राप्त गरी व्यापार व्यवसाय गरी आएकोमा भारतको विभिन्न प्रतिष्ठानहरुबाट सन २०१५।९।१७(२०७२।५।३१) मा प्रज्ञापनपत्र नं. एम. ११०६९८ बाट नरिवल भन्सार कार्यालय वीरगंज पर्साको अनुमति लिई कारोबार गरेको र सोही सामान गोदाममा राखी खरिदकर्ताको माग बमोजिम विजक नं. १३० बाट काभ्रे किराना स्टोर्सका लागि २५ बोरा नरिवलका सामानहहरु ना. ३ ख ४९५२ नं. को कन्टेनरमा राखी काठमाडौं लैजाने क्रममा गैरकानूनी तवरले जिल्ला प्रहरी कार्यालय, पर्साले परवानीपुरमा पक्राउ गरी राजस्व अनुसन्धान

कार्यालय, पथलैया बारा पेश गरेको हुँदा सो गैरकानूनी कार्यका विरुद्धमा परमादेशको आदेश जारी गरी पाउँ भनी अन्नपूर्ण किराना स्टोर्सको प्रोप्राइटर प्रेमचन्द्र गोयलले उच्च अदालत हेटौडामा दायर गरेको ०७२-WO-०१०७ को परमादेशको रिट निवेदनमा प्रज्ञापनपत्र, विल विजक निवेदक कम्पनीले दाखेल गर्न सकेको नदेखिंदा रिट निवेदन खारेज हुने ठहर्छ भनी मिति २०७२।९।२२ मा फैसला भएको देखिन्छ ।

६. निधि ट्रेड इम्पेक्स (स्थायी लेखा नं. ३०३०१९९४७) प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अन्तर्गत वाणिज्य कार्यालयमा प्रा.प्र.र.नं. ९१४९५।०६६।०६६ बाट मिति २०६६।१०।५ मा दर्ता भई आन्तरिक राजस्व कार्यालयबाट स्थायी प्रमाणपत्र प्राप्त गरी व्यापार व्यवसाय गरी आएकोमा सन २०१४।८।२० (२०७१।५।४) मा प्रज्ञापनपत्र नं. ९०३८ बाट भन्सार कार्यालय विरगंजको अनुमति लिई सुकुमेल खरीद गरी गोदाममा राखिएको र सोही सामान क्रेताको माग बमोजिम आर एस वि ट्रेडिङ्ग कम्पनीका लागि भनी शाखा कार्यालय काठमाडौं १० काटुन सामानहरु ना. ३ ख ४९५२ नं. को कन्टेनरमा राखी काठमाडौं लैजाने क्रममा गैरकानूनी तवरले जिल्ला प्रहरी कार्यालय, पर्साले परवानीपुरमा पक्राउ गरी राजस्व अनुसन्धान कार्यालय, पथलैया बारा पेश गरेको हुँदा सो गैरकानूनी कार्यका विरुद्धमा परमादेशको आदेश जारी गरी पाउँ भनी नीधि ट्रेड इम्पेक्सका प्रोप्राइटर विनय कुमार कलवारले पुनरावेदन अदालत हेटौडामा दायर गरेको ०७२-**WO**-०१०८ को परमादेशको रिट निवेदनमा प्रज्ञापनपत्र, विल विजक निवेदक कम्पनीले दाखेल गर्न सकेको नदेखिंदा रिट निवेदन खारेज हुने ठहर्छ भनी मिति २०७२।९।२२ मा फैसला भएको देखिन्छ ।

७. रामदेवरा इन्टरनेशनल (स्थायी लेखा नं. ३०५८७४) प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अन्तर्गत वाणिज्य कार्यालयमा प्रा.प्र.र नं. ३०९४६।०६९।०७० बाट मिति २०६९।११।८ मा दर्ता भई आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नं. प्रमाणपत्र समेत प्राप्त गरी कारोबार गरी आएको र भारतका विभिन्न प्रतिष्ठानहरुबाट सन २०१४।९।२२ (२०७१।६।६ प्रज्ञापनपत्र नं. एम. १२५५२३ बाट चार्जर, पाइजामा सेट थर्मकोट, साइज ७५, ८५ र १०० लगायतका सामानहरु भन्सार कार्यालय वीरगंज पर्साको अनुमति लिई खरीद गरी गोदाममा राखेको र सोही सामान खरीदकर्ताको माग बमोजिम विजक नं. २८ र ३० बाट एम. ए. इन्टरनेशनल काठमाडौं र विजक नं. २९ बाट न्यू रेडिमेट सपिङ्ग सेन्टरका लागि ६० काटुन सामानहरु ना. ३ ख ४९५२ नं. को कन्टेनरमा राखी काठमाडौं लैजाने क्रममा गैरकानूनी तवरले जिल्ला प्रहरी कार्यालय, पर्साले परवानीपुरमा पक्राउ गरी राजस्व अनुसन्धान कार्यालय, पथलैया बारा पेश गरेको हुँदा सो गैरकानूनी कार्यका विरुद्धमा परमादेशको आदेश जारी गरी पाउँ भनी राम देवरा इन्टरनेशनलका प्रोप्राइटर आदिप कुमार चाचानले पुनरावेदन अदालत, हेटौडामा दायर गरेको ०७२–**WO**-०१०६ को परमादेशको रिट निवेदनमा प्रज्ञापनपत्र, विल विजक निवेदक कम्पनीले दाखेल गर्न सकेको नदेखिंदा रिट निवेदन खारेज हुने ठहर्छ भनी मिति २०७२।९।२२ मा फैसला भएको देखिन्छ ।

८. विपक्षी एच एण्ड वि ट्रेड कन्सर्न वीरगंजले आफ्नो भनी दावी गरेका मालबस्तुको प्रमाणको रुपमा पेश गरेका विजक र प्रज्ञापनपत्र मु.अ.कर ऐन २०५२ को दफा १४(४) मा भएको प्रावधान, आन्तरिक ओसार पसार नियमन निर्देशिका २०६५ को परिभाषा खण्ड (घ) को अ.आ. र बुँदा नं. ३ मा भएको प्रावधान र भन्सार ऐन २०६४ विपरित भएको र निजले पेश गरेका विल विजक तथा प्रज्ञापनपत्र लगायतको प्रमाणलाई सम्मानित पुनरावेदन अदालत हटौंडाले मिति २०७२।९।२२ को फैसलाले अमान्य ठहर गरिसकेको हुँदा उक्त मालबस्तु भन्सार चोरी पैठारी भएको देखिन आएको हुँदा यस कार्यालयको च.नं. १२२८ मिति २०७२।१२।१८ को पत्रानुसार निवेदकलाई उपस्थित हुन जानकारी गराइएकोमा निवेदकको अख्तियारप्राप्त व्यक्ति किरण बहादुर कटुवाल मिति २०७२।१२।१९ मा उपस्थित भई निज समेतको रोहवरमा मिति २०७२।१२।१९ मा उक्त मालबाहक कन्टेनर ना.३ख ४९५२ खोली निजले मेरो हो, भनी पहिचान गरेका मालबस्तुको चेकजाँच गर्दा लेडिज कुर्था सलवार १८१९ पीस (मूल्य रु. ९७८८०३।९०) पाइएको हुँदा उक्त मालबस्तुलाई भन्सार ऐन २०६४ बमोजिम भन्सार चोरी पैठारी अभियोग अन्तर्गत कारवाही गरी नियमानुसार सुराकी तथा प्रतिवेदकहरुलाई पुरस्कार रकम समेत उपलब्ध गराई पाउँ भन्ने अ.अ. जागेश्वर शर्मा समेतको प्रतिवेदन ।

९. विपक्षी निधि ट्रेड इम्पेक्स वीरगंजले आफ्नो भनी दावी गरेका मालबस्तु प्रमाणको रुपमा पेश गरेका प्रज्ञापनपत्र र विल विजक मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४(४) मा भएको प्रावधान, आन्तरिक ओसार पसार नियमन निर्देशिका २०६५ को परिभाषा खण्ड (घ) को अ,आ र बुँदा नं. ३ मा उल्लेख भएको व्यवस्था र भन्सार ऐन २०६४ विपरित भएको र निजले पेश गरेका विल विजक तथा प्रज्ञापनपत्र लगायतको प्रमाणलाई सम्मानित पुनरावेदन अदालत हेटौंडाले मिति २०७२।९।२२ को फैसलाले अमान्य ठहर गरिसकेको हुँदा उक्त मालबस्तु भन्सार चोरी पैठारी भएको देखिन आए हुँदा यस कार्यालयको च.नं. १२२९ मिति २०७२।१२।१८ को पत्रानुसार निवेदकलाई उपस्थित हुन जानकारी गराइएकोमा निवेदकको अख्तियारप्राप्त व्यक्ति किरण बहादुर कटुवाल मिति २०७२।१२।१९ मा उपस्थित भई निज समेतको रोहवरमा मिति २०७२।१२।१९ गते उक्त ना.३.ख ४९५२ नं. को मालबाहक कन्टेनर खोली निजले मेरो हो, भनी पहिचान गरेका मालबस्तुको भौतिक निरिक्षण गर्दा सुकुमेल ४०० केजी (मूल्य रु. २९१२००।–) पाइएको हुँदा उक्त मालबस्तुलाई भन्सार ऐन २०६४ बमोजिम भन्सार चोरी पैठारी अभियोग अन्तर्गत कारवाही गरी नियमानुसार सुराकी तथा प्रतिवेदकहरुलाई पुरस्कार रकम समेत उपलब्ध गराई पाउँ भन्ने अ.अ. जागेश्वर शर्मा समेतको प्रतिवेदन ।

१०. विपक्षी अन्नपूर्ण किराना भण्डार वीरगंजले आफ्नो भनी दावी गरेका मालबस्तु प्रमाणको रुपमा पेश गरेका प्रज्ञापनपत्र र विल विजक मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४(४) मा भएको प्रावधान, आन्तरिक ओसार पसार नियमन निर्देशिका २०६५ को परिभाषा खण्ड (घ) को अ,आ र बुँदा नं. ३ मा उल्लेख भएको व्यवस्था र भन्सार ऐन २०६४ विपरित भएको र निजले पेश गरेका विल विजक तथा प्रज्ञापनपत्र लगायतको प्रमाणलाई सम्मानित पुनरावेदन

अदालत हटौंडाले मिति २०७२।९।२२ को फैसलाले अमान्य ठहर गरिसकेको हुँदा उक्त मालबस्तु स्वतः भन्सार चोरी पैठारीको देखिन आएको हुँदा र यस कार्यालयको च.नं. १२२६ मिति २०७२।१२।१८ को पत्रानुसार निवेदकलाई उपस्थित हुन जानकारी गराइएकोमा निवेदकको अख्तियारप्राप्त व्यक्ति किरण बहादुर कटुवाल मिति २०७२।१२।१९ मा उपस्थित भई निज समेतको रोहवरमा मिति २०७२।१२।१९ गते उक्त ना.३.ख ४९५२ नं. को मालबाहक कन्टेनर खोली निजले मेरो हो, भनी पहिचान गरेका मालबस्तुको भौतिक निरिक्षण गर्दा नरिवल ६०० केजी (मूल्य रु. ६४८००।–) पाइएको हुँदा उक्त मालबस्तुलाई भन्सार ऐन २०६४ बमोजिम भन्सार चोरी पैठारी अभियोग अन्तर्गत कारवाही गरी नियमानुसार सुराकी तथा प्रतिवेदकहरुलाई पुरस्कार रकम समेत उपलब्ध गराई पाउँ भन्ने अ.अ. जागेश्वर शर्मा समेतको प्रतिवेदन ।

११. विपक्षी रामदेवरा इन्टरनेशनल वीरगंजले आफ्नो भनी दावी गरेका मालबस्तु प्रमाणको रुपमा पेश गरेका प्रज्ञापनपत्र र विल विजक मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४(४) मा भएको प्रावधान, आन्तरिक ओसार पसार नियमन निर्देशिका २०६५ को परिभाषा खण्ड (घ) को अ,आ र बुँदा नं. ३ मा उल्लेख भएको व्यवस्था र भन्सार ऐन २०६४ विपरित भएको र निजले पेश गरेका विल विजक तथा प्रज्ञापनपत्र लगायतको प्रमाणलाई सम्मानित पुनरावेदन अदालत हटौंडाले मिति २०७२।९।२२ को फैसलाले अमान्य ठहर गरिसकेको हुँदा उक्त मालबस्तु स्वतः भन्सार चोरी पैठारीको देखिन आएको हुँदा यस कार्यालयको च.नं. १२२७ मिति २०७२।१२।१८ को पत्रानुसार निवेदकलाई उपस्थित हुन जानकारी गराइएकोमा निवेदकको अख्तियारप्राप्त व्यक्ति किरण बहादुर कटुवाल मिति २०७२।१२।१९ मा उपस्थित भई निज समेतको रोहवरमा मिति २०७२।१२।१९ गते उक्त ना.३.ख ४९५२ नं. को मालबाहक कन्टेनर खोली निजले मेरो हो, भनी पहिचान गरेका मालबस्तुको भौतिक निरिक्षण गर्दा थर्मकोट ८० सेमी भन्दा सानो १३७० पीस र थर्मकोट ८० सेमी भन्दा ठूलो ३२८४ पीस (मूल्य रु. ११९४९३०।–) पाइएको हुँदा उक्त मालबस्तुलाई भन्सार ऐन २०६४ बमोजिम भन्सार चोरी पैठारी अभियोग अन्तर्गत कारवाही गरी नियमानुसार सुराकी तथा प्रतिवेदकहरुलाई पुरस्कार रकम समेत उपलब्ध गराई पाउँ भन्ने अ.अ. जागेश्वर शर्मा समेतको प्रतिवेदन ।

१२. विपक्षी अन्नपूर्ण किराना भण्डार, रामदेवरा इन्टरनेशनल प्रा.लि., नीधि इम्पेक्स, एच एण्ड वि ट्रेड कन्सर्नका अख्तियार प्राप्त प्रतिनिधि किरण बहादुर कटुवालले मालसामानको विल विजक तथा भन्सार प्रज्ञापनपत्रको फोटोकपी श्रोतको लागि चालकलाई दिएर पठाएको हो । प्रहरीले गाडि नियन्त्रणमा लिई चालकले दिएको विल विजक पेश नगरी प्रज्ञापनपत्रको फोटोकपी मात्र दिएको हो । पुनरावेदन अदालत हेटौडामा परमादेशको रिट दायर गर्न गएको हुँदा सबुत प्रमाण सहित कार्यालयमा उपस्थितत हुन नसकेको हुँदा हुलाक मार्फत कागजात पठाएको हो । ना. ३ ख ४९५२ नं. को गाडिमा आदर्शनगर विरगंज स्थित गोदामबाट सामान लोड गरेको हो, गाडि धनीको नाम थाहा छैन । चालक भुषण सुवेदीसँग कुरा गरेर सामान लोड गरेको हो । सामान

चोरी पैठारीको होइन । कानूनी रितपुर्वक ल्याएको हो भनी राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय बारामा चारवटै फर्मको तर्फबाट गरेको एकै मिलानको बयान ।

१३. यसमा प्रहरीको प्रतिवेदन, मौका मुचुल्का लगायत जिल्ला प्रहरी कार्यालय, पर्साले पेश गरेको कागजात, सम्मानित पुनरावेदन अदालत, हेटौडाले विपक्षीहरुले माग दावी गरेको रिट निवेदनहरु खारेज हुने ठहर गरी मिति २०७२।९।२२ मा गरेको फैसला, अ.अ. जागेश्वर शर्मासमेतले मिति २०७२।१२।१९ मा दिएको प्रतिवेदन तथा एच एण्ड वि ट्रेड कन्सर्न वीरगंज, रामदेवरा इन्टरनेशनल वीरगंज, अन्नपूर्ण किराना भण्डार वीरगंज र निधि ट्रेड इम्पेक्स वीरगंजका अख्तियार प्राप्त प्रतिनिधि किरण बहादुर कटुवालको बयान लगायत मिसिल संलग्न कागजातका आधारमा उक्त सामान भन्सार चोरी पैठारी गरेको होइन भन्ने अधार प्रमाण केही नभएकोले सो सम्बन्धमा पछि अनुसन्धानबाट ठहरे बमोजिम हुने गरी हाललाई उक्त लेडिज कुर्था सलवार १८१९ पिस, थर्माकोट ४६५४ पिस, नरिवल ६०० केजी र सुकुमेल ४०० केजी र ना. ३ ख ४९५२ नं. को गाडि कब्जामा लिई सुरक्षित साथ राख्ने र भन्सार ऐन, २०६४ को दफा ५७ (१) अनुसार एच एण्ड वि ट्रेड कन्सर्न, वीरगंजसँग १८१९ पिस लेडिज कुर्था सलवारको विगो बमोजिमको जरिवाना रु. ९,७८,८०३।९० र हुन सक्ने अधिकतम १ महिना कैद वापत रु. १,५००।– समेत जम्मा रु. ९,८०,३०३।९०, अन्नपूर्ण किराना भण्डार वीरगंजसँग ६०० केजी नरिवलको रु. ६४८००।– निधि ट्रेड इम्पेक्स वीरगंजसँग ४०० केजी सुकुमेलको विगो बमोजिमको जरिवाना रु. २,९१,२००।– र हुन सक्ने अधिकतम १ महिना कैद वापत रु. १,५००।– समेत जम्मा रु. २,९२,७००।– र रामदेवरा इन्टरनेशनल वीरगजसँग ४६५४ पीस थर्माकोटको विगो बमोजिमको जरिवाना रु. ११,९४,९३०।– र हुन सक्ने अधिकतम ३ महिना कैद वापत रु. ४५०० समेत जम्मा रु. ११,९९,४३०। गरी कूल जम्मा रु २५,३७,२३३।९० उक्त फर्महरुका अख्तियारप्राप्त प्रतिनिधि किरण बहादुर कटुवालसँग नगद धरौटी माग गर्ने । माग बमोजिमको धरौटी रकम दाखिला गरे साधारण तारेखमा छाडिदिनु । माग बमोजिम धरौटी रकम दाखिला नगरे नियमानुसार सिदा खान पाउने गरी कारागार कार्यालय विरगंजमा थुनामा राख्न पठाउने गरी मिति २०७२।१२।१९ मा भएको थुनछेक आदेश ।

१४. यस कार्यालयको मिति २०७२।१२।१९ को आदेश बमोजिम धरौटी रसिद नं. ७५६ मिति २०७२।१२।१९ बाट एच एण्ड वि ट्रेड कन्सर्नले रु. ९,८०,३०३।९०, धरौटी रसिद नं. ७५३ मिति २०७२।१२।१९ बाट अन्नपूर्ण किराना भण्डारले रु. ६४,८००।– धरौटी रसिद नं. ७५४ मिति २०७२।१२।१९ बाट निधि ट्रेड इम्पेक्सले रु. २,९२,७००।– र धरौटी रसिद नं. ७५५ मिति २०७२।१२।१९ बाट रामदेवरा इन्टरनेशनलले रु. १,१९,९४३।– दाखिला गरी तारेखमा छुटी गएकोमा निजका अख्तियार प्राप्त प्रतिनिधि नियमित तारेखमा रहेको मिसिल संलग्न कागजातबाट देखिएको ।

१५. कुर्था सलवार समेतका मालबस्तु सहित पक्राउमा परेको ना ३ ख ४९५२ नं. को ट्रक आफ्नो भएको भनी धनी राजेश कुमार केसीले मिति २०७२।१२।२२ मा निवेदन सहित ट्रक फिर्ता पाउ भनी माग गर्न आएको हुँदा सोही दिन निजसँग गराइएको बयानमा निजले ना ३ ख

४९५२ नं. को ट्रक आफ्नो हो । गाडि धनी सिन्धु कन्टेनर बचत तथा ऋण सहकारी संस्था र बाह्रविसे र ऋणी म छु । गाडि भुषण सुवेदीले चलाउछन् भाडा तय गर्ने समेत काम उनैले गर्छन् । गाडिले अवैध सामान बोकेको भन्ने बारेमा मलाई केही थाहा छैन । गाडि पक्राउ परेको थाहा भए पछि फिर्ताको लागि आएको छु । चोरी पैठारीको मालबस्तु ओसार पसार गर्न मेरो कुनै संलग्नता नै नभएको हुँदा गाडि फिर्ता दिईलाई पाउँ भनी राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैया बारामा राजेश के.सीले गरेको बयान ।

१६. राजेश केसीबाट तत्काल प्राप्त प्रमाणको आधारमा भन्सार ऐन, २०६४ को ५७(२) बमोजिम निजलाई हुन सक्ने अधिकतम कैद १ वर्ष वापत रु १८२५०।– धरौटी लिई मुद्दाको प्रुपक्षको लागि तारेखमा राख्ने भनी राजस्व अनुसन्धन मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैया बाराबाट मिति २०७२।१२।२२ मा भएको थुनछेक आदेश र सो आदेशानुसारको धरौटी दाखिला गरी तारेमा रहेको ।

१७. राजस्व अनुसन्धन मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैया बाराले मिति २०७२।१२।२२ मा चालक भुषण सुवेदीलाई झिकाई बुझ्ने भनी आदेश भएको र सो आदेशानुसार चालक भुषण सुवेदी निवेदन साथ मिति २०७३।१।८ मा उपस्थित भई बयान गर्दा गाडि धनी राजेश कुमार केसी हुन् । ४९५२ नं. को गाडि डेढ वर्ष अगाडि देखि मैले चलाउँदै आएको छु । तलव रु ८०००।– र प्रतिटिप १ हजार भत्ता पाउँछु । सामानको भाडा आफैले तय गर्छु । गाडि धनिलाई केही थाहा छैन । नेपाल बन्द भएको हुँदा सो दिनको भाडा रु. ४०००।– तय गरेको हो । गाडि पक्राउ पर्दा सबै विल विजकको मुठा प्रहरीलाई बुझाएको हो । प्रहरीले किन विल विजक नभएको भनी बुझायो थाहा भएन । सामान साझारोड क्यारियर्सको गोदामबाट लोड गरेको हो । सामान के के लोड भयो थाहा भएन । सो क्यारियर्सले दिएको विल भरपाई प्रहरीलाई बुझाएको छु । ब्लुबुक गाडि मै रहेको हुँदा अहिले फेला परेन । ब्लुबुक पछि पेश गर्नेछु भनी राजस्व अनुसन्धन मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैया बारामा मिति २०७३।१।८ मा गरेको बयान ।

१८. तत्काल प्राप्त प्रमाणको आधारमा चालक भुषण सुवेदीबाट निजलाई हुन सक्ने जरिवाना र कैद १ वर्ष वापत रु २३२५०।– नगद धरौटी लिई मुद्दाको प्रुपक्षको लागि तारेखमा राख्ने भनी मिति २०७३।१।८ मा भएको थुनछेक आदेशानुसार चालक भुषण सुवेदीले सो रकम धरौटी राखी तारेखमा रहेको ।

१९. प्रहरीले अनुसन्धानको लागि पक्राउ गरेको ना.३.ख४९५२ नं. को कन्टेनरमा रहेको बरामदित १८१९ पिस लेडिज कुर्था सुरुवालको विल विजक प्रज्ञापनपत्र, एवं महसूल बुझाएको निस्सा प्रमाण मौका मै दाखिल गर्न नसकेको हुँदा विपक्षी एच एण्ड वि ट्रेड कन्सर्नका प्रो. वीरेन्द्र कुर्मी क्षेत्रीले अवैध रुपमा चोरी पैठारी गरेको ठहर्छ । निजलाई बरामदित कुर्था सुरुवालको विगो रु. ९७८८०३।९० बमोजिम जरिवाना र ५ दिन कैद हुने र बरामदित सामान जफत हुने ठहर्छ भनी राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, बाराबाट मिति २०७३।३।१५ मा भएको निर्णय ।

प्रहरीले अनुसन्धानको लागि पक्राउ गरेको ना.३.ख४९५२ नं. को कन्टेनरमा रहेको बरामदित ६०० केजी नरिवलको विल विजक प्रज्ञापनपत्र, एवं महसूल बुझाएको निस्सा प्रमाण मौका मै दाखिल गर्न नसकेको हुँदा विपक्षी अन्नपूर्ण किराना भण्डारका प्रेम चन्द्र गोयलले अवैध रुपमा चोरी पैठारी गरेको ठहर्छ । निजलाई बरामदित नरिवलको विगो रु. ६४८००।– बमोजिम जरिवाना हुने र बरामदित सामान जफत हुने ठहर्छ भनी राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, बाराबाट मिति २०७३।३।१५ मा भएको निर्णय ।

प्रहरीले अनुसन्धानको लागि पक्राउ गरेको ना.३.ख ४९५२ नं. को कन्टेनरमा रहेको बरामदित ४०० केजी सुकुमेलको विल विजक प्रज्ञापनपत्र, एवं महसूल बुझाएको निस्सा प्रमाण मौका मै दाखिल गर्न नसकेको हुँदा विपक्षी निधि ट्रेड इम्पेक्सका प्रो विनय कुमार कलवार ले अवैध रुपमा चोरी पैठारी गरेको ठहर्छ । निजलाई बरामदित सुकुमेलको विगो रु. २९१२००।– बमोजिम जरिवाना र १ दिन कैद हुने र बरामदित सामान जफत हुने ठहर्छ भनी राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, बाराबाट मिति २०७३।३।१५ मा भएको निर्णय ।

प्रहरीले अनुसन्धानको लागि पक्राउ गरेको ना.३.ख४९५२ नं. को कन्टेनरमा रहेको बरामदित ४६५४ पिस थर्माकोटको विल विजक प्रज्ञापनपत्र, एवं महसूल बुझाएको निस्सा प्रमाण मौका मै दाखिल गर्न नसकेको हुँदा विपक्षी रामदेवरा इन्टरनेशनलका प्रो आदिप कुमार चाचानले अवैध रुपमा चोरी पैठारी गरेको ठहर्छ । निजलाई बरामदित थर्माकोटको विगो रु. ११,९९,४३०।– बमोजिम जरिवाना र १ महिना कैद हुने र बरामदित सामान जफत हुने ठहर्छ भनी राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, बाराबाट मिति २०७३।३।१५ मा भएको निर्णय ।

मालबस्तु अवैध रुपमा चोरी पैठारी गर्ने कार्यमा साझा रोड क्यारियरको संलग्नता नदेखिएको हुँदा साझारोड क्यारियर्सलाई सफाइ दिने तथा सवारी धनीको अनुमति एवं जानकारी विना चोरी पैठारीको मालबस्तु ओसार पसार गर्न ना ३ ख ४९५२ नं. को कन्टेनर पयोग गरेको देखिएको हुँदा चालक भुषण सुवेदीलाई रु. ५,०००।– जरिवाना हुने ठहर्छ भनी राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, बाराबाट मिति २०७३।३।१५ मा भएको निर्णय ।

२०. मिति २०७४।७।१४ को प्रतिवेदन हेर्दा, चालक सँग ट्रकमा लोड रहेको सामान सम्बन्धी भन्सार प्रज्ञापनपत्र माग गर्दा पुरानो मितिको भन्सार प्रज्ञापनपत्रको फोटोकपी दिएको भनी एउटै कार्यालयको ३२, ३२ जना प्रहरी कर्मचारी सडक बाटोमा डयूटीमा रहेको अनुमान गर्न सकिदैन । प्रतिवेदन बनावटी छ । बयान साथ पेश गरेको कागज प्रमाणको समुचित मूल्यांकन नै गरिएको छैन । कानून बमोजिम भन्सार तिरी विल विजक लगायतका प्रज्ञापनपत्र समेतका कागजात समेत हेर्दै नहेरी रिट खारेज भएको भन्ने आधारमा चोरी पैठारीको कसुर कायम गरेको मिलेको छैन । भन्सार जाँचपास गरी कर महसूल बुझाई गोदममा स्टक रहेको सामान विधिवत विजक नं. ०००१३० को विल काटी काभ्रे किराना स्टोर्सका लागि ना. ३ ख ४९५२ नं. को ट्रकमा लोड गरी पठाएको सामानलाई प्रहरीले पक्राउ गरी ड्राइभरले पेश गरेको कर विजक प्रज्ञापनपत्र प्रहरीले दाखिल नै नगरेको आधारमा कसूर कायम हुने होइन,

सामानका सम्बन्धमा प्रज्ञापनपत्र शंकित रहेको भए सम्बन्धीत कार्यालयबाट झिकाई एकिन गर्नुपर्नेमा सो समेत नगरी राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय बाराबाट मिति २०७३।३।१५ मा भएको निर्णय गैर कानूनी त्रुटिपूर्ण प्राकृतिक न्यायको सिद्धान्त विपरित भएको हुँदा बदर गरी मेरो धरौटी सहितको मालसामान फिर्ता पाउँ भन्ने पुनरावेदक प्रतिवादी अन्नपूर्ण किराना भण्डारको पुनरावेदन पत्र ।

२१. मिति २०७४।७।१४ को प्रतिवेदन हेर्दा, चालकसँग ट्रकमा लोड रहेको सामान सम्बन्धी भन्सार प्रज्ञापनपत्र माग गर्दा पुरानो मितिको भन्सार प्रज्ञापनपत्रको फोटोकपी दिएको भनी एउटै कार्यालयको ३२, ३२ जना प्रहरी कर्मचारी सडक बाटोमा ड्यूटीमा रहेको अनुमान गर्न सकिदैन । प्रतिवेदन बनावटी छ । बयान साथ पेश गरेको कागज प्रमाणको समुचित मूल्यांकन नै गरिएको छैन । कानून बमोजिम भन्सार तिरी विल विजक लगायतका प्रज्ञापनपत्र समेतका कागजात समेत हेर्दै नहेरी रिट खारेज भएको भन्ने आधारमा चोरी पैठारीको कसुर कायम गरेको मिलेको छैन । भन्सार जाँचपास गरी कर महसूल बुझाई गोदममा स्टक रहेको सामान प्रज्ञापनपत्र नं. १२५५२३ बाट भन्सार महसूल बुझाई कर विजक नम्बर २८, २९, ३० को ६० काटुन सामान आफू Sole Distributor भएकोले खरिदकर्ताको माग बमोजिम काठमाडौं पठाउन ना. ३ ख ४९५२ नं. को ट्रकमा लोड गरी पठाएको सामानलाई प्रहरीले पक्राउ गरी ड्राइभरले पेश गरेको कर विजक प्रज्ञापनपत्र प्रहरीले दाखिल नै नगरेको आधारमा कसूर कायम हुने होइन, सामानका सम्बन्धमा प्रज्ञापनपत्र शंकित रहेको भए सम्बन्धीत कार्यालयबाट झिकाई एकिन गर्नुपर्नेमा सो समेत नगरी राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय बाराबाट मिति २०७३।३।१५ मा भएको निर्णय गैर कानूनी त्रुटिपूर्ण प्राकृतिक न्यायको सिद्धान्त विपरित भएको हुँदा बदर गरी मेरो धरौटी सहितको मालसामान फिर्ता पाउँ भन्ने पुनरावेदक प्रतिवादी रामदेवरा इन्टरनेशनल प्रा.लि.को पुनरावेदन पत्र ।

२२. मिति २०७४।७।१४ को प्रतिवेदन हेर्दा, चालक सँग ट्रकमा लोड रहेको सामान सम्बन्धी भन्सार प्रज्ञापनपत्र माग गर्दा पुरानो मितिको भन्सार प्रज्ञापनपत्रको फोटोकपी दिएको भनी एउटै कार्यालयको ३२, ३२ जना प्रहरी कर्मचारी सडक बाटोमा ड्यूटीमा रहेको अनुमान गर्न सकिदैन । प्रतिवेदन बनावटी छ । बयान साथ पेश गरेको कागज प्रमाणको समुचित मूल्यांकन नै गरिएको छैन । कानून बमोजिम भन्सार तिरी विल विजक लगायतका प्रज्ञापनपत्र समेतका कागजात समेत हेर्दै नहेरी रिट खारेज भएको भन्ने आधारमा चोरी पैठारीको कसुर कायम गरेको मिलेको छैन । भन्सार जाँचपास गरी कर महसूल बुझाई गोदममा स्टक रहेको सामान विधिवत विजक नम्बर ०००१८८ को विल काटी निली इन्टरनेशनलले आर.एस.पी ट्रेडिङ्गका लागि ना. ३ ख ४९५२ नं. को ट्रकमा लोड गरी पठाएको सामानलाई प्रहरीले पक्राउ गरी ड्राइभरले पेश गरेको कर विजक प्रज्ञापनपत्र प्रहरीले दाखिल नै नगरेको आधारमा कसूर कायम हुने होइन, सामानका सम्बन्धमा प्रज्ञापनपत्र शंकित रहेको भए सम्बन्धीत कार्यालयबाट झिकाई एकिन गर्नुपर्नेमा सो समेत नगरी राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय बाराबाट मिति २०७३।३।१५ मा भएको निर्णय गैर कानूनी त्रुटिपूर्ण प्राकृतिक न्यायको सिद्धान्त

विपरित भएको हुँदा बदर गरी मेरो धरौटी सहितको मालसामान फिर्ता पाउँ भन्ने पुनरावेदक प्रतिवादी निधि ट्रेड इम्पेक्सको पुनरावेदन पत्र ।

२३. मिति २०७४।७।१४ को प्रतिवेदन हेर्दा, चालक सँग ट्रकमा लोड रहेको सामान सम्बन्धी भन्सार प्रज्ञापनपत्र माग गर्दा पुरानो मितिको भन्सार प्रज्ञापनपत्रको फोटोकपी दिएको भनी एउटै कार्यालयको ३२, ३२ जना प्रहरी कर्मचारी सडक बाटोमा डयूटीमा रहेको अनुमान गर्न सकिदैन । प्रतिवेदन बनावटी छ । बयान साथ पेश गरेको कागज प्रमाणको समुचित मूल्यांकन नै गरिएको छैन । कानून बमोजिम भन्सार तिरी विल विजक लगायतका प्रज्ञापनपत्र समेतका कागजात समेत हेर्दै नहेरी रिट खारेज भएको भन्ने आधारमा चोरी पैठारीको कसुर कायम गरेको मिलेको छैन । भन्सार जाँचपास गरी कर महसूल बुझाई गोदममा स्टक रहेको सामान प्रज्ञापनपत्र नं. ९७४९५ मिति २०७२।४।१८ र प्रज्ञापनपत्र नं. १०८७१५ मिति २०७२।४।२६ मा भन्सार जाँचपास गरी गोदाममा रहेको सामान विधिवत विजक नं. १११ को विल काटी श्याम ट्रेडस काठमाण्डौलाई ना. ३ ख ४९५२ नं. को ट्रकमा लोड गरी पठाएको सामानलाई प्रहरीले पक्राउ गरी ड्राइभरले पेश गरेको कर विजक प्रज्ञापनपत्र प्रहरीले दाखिल नै नगरेको आधारमा कसूर कायम हुने होइन, सामानका सम्बन्धमा प्रज्ञापनपत्र शंकित रहेको भए सम्बन्धीत कार्यालयबाट झिकाई एकिन गर्नुपर्नेमा सो समेत नगरी राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय बाराबाट मिति २०७३।३।१५ मा भएको निर्णय गैर कानूनी त्रुटिपूर्ण प्राकृतिक न्यायको सिद्धान्त विपरित भएको हुँदा बदर गरी मेरो धरौटी सहितको मालसामान फिर्ता पाउँ भन्ने पुनरावेदक प्रतिवादी एच एण्ड वि ट्रेड कन्सनको पुनरावेदन पत्र ।

२४. जिल्ला प्रहरी कार्यालय पर्साले मिति २०७२।७।१४ गतेका दिन मैले चलाएको ना. ३ ख ४९५२ नं. को सामान सहितको कन्टेनर परवानीपुरमा पक्राउ गरेको हो । कन्टेनरमा रहेको सामानको विल विजक सहितको विलको मुठ्ठा प्रहरीले लिएको हो । प्रहरीले विल विजक नभएको भनी किन बुझायो थाहा भएन । सबै विल विजक प्रहरीले बुझाएको भए सामान बढी हुने नै थिएन । श्रोत प्रमाणित हुने प्रज्ञापनपत्र सहितको विल भरपाई प्रहरीले लिएको हो । विल विजक सहितको सामानलाई चोरीको भन्न मिल्दैन । सामानको विल भरपाई भएकै कारण सामान लोड गरी ढुवानी गरेको कार्यालाई कसुर कायम गरी जरिवाना समेतको सजाय ठहर गरेको कार्य गैरकानूनी छ । बरामदित सामानको सम्बन्धमा प्रज्ञापनपत्र बमोजिमको सामान हो होइन, विक्रेताको खरीद खाता स्टक बुक र विक्री खाता समेत मिलान भिडान हुन्छ हुँदैन ? सो सम्बन्धमा थप अनुसन्धान नै नगरी प्रज्ञापनपत्र विल विजक नभएको र सोको निस्सा समेत पेश गर्न नसकेको भन्ने मनोगत आधारमा कसुरदार ठहर गरेको शुरु फैसला मुलुकी ऐन अ.वं. १८४(क) १८५, १८९, प्रमाण ऐन, २०३१ को ३, ५४ नं. र भन्सार ऐन, २०६४ को दफा ३८ को एकांकी व्याख्या गर्दै कसुर ठहर गरेको शुल्क फैसला सो ऐनको दफा ३८, २(च) समेतको विपरित हुँदा राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैया बाराबाट भएको मिति २०७३।३।१५ को निर्णय बदर गरी मैले दाखेल गरेको धरौटी समेत फिर्ता पाउ भन्ने पुनरावेदक प्र. भुषण सुवेदीको पुनरावेदन पत्र ।

२५. यसमा मुलुकी ऐन, अ.वं. २०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७३/११/२० मा भएको आदेश ।

२६. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०९/२४ मा भएको आदेश ।

## ठहर खण्ड

२७. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत पुनरावेदन पत्र एवं प्राप्त शुरू मिसिल समेत अध्ययन गरियो ।

२८. पुनरावेदकको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ताहरू श्री सुनिल कुमार पोखरेल, श्री शतिस कुमार झा, श्री शैलेन्द्र प्रसाद यादव र श्री प्रभुचन्द्र झाले विभिन्न मितिमा भन्सार कार्यालयबाट सामान जाँचपास गरी भन्सार महसूल समेत बुझाई स्टकमा रहेको सामान कम्पनीहरुको माग बमोजिम बा ३ ख ४९५२ नं. को कन्टेनरमा राखी काठमाडौं लैजाँदै गर्दा कन्टेनर पक्राउ गर्ने कार्य भएको छ । ट्रकमा रहेको सामान गैर कानूनी होइन । विधिवत रुपमा भन्सार कार्यालयबाट जाँचपास भै आएको सामान स्टकमा जनाई विभिन्न कम्पनीको मागको आधारमा पठाइएको हो । अवैध रुपमा भन्सार चोरी पैठारी गरेको ठहर्याई प्रतिवादीहरुलाई कैद तथा जरिवाना गर्ने र बरामदित सामान जफत समेत गर्ने गरी भएको राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय बाराको मिति २०७३।३।१५ को निर्णय गैर कानूनी हुँदा बदर गरी बरामदित सामान फिर्ता दिलाईनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

२९. प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान शाखा अधिकृत श्री नगेन्द्र लम्सालले बा ३ ख ४९५२ नं. को कन्टेनरबाट बरामद भएको सामानलाई प्रतिवादीहरुले आफ्नो हो भनी स्वीकार गरेका छन् । बरामदित सामानको विल भरपाई प्रज्ञापनपत्र लगायतका सबुत प्रमाण पेश गर्न सकेका छैनन् । प्रतिवादीहरुले मौकामै बरामदित सामान आफ्नो हो भनी प्रमाणबाट पुष्ट्याई गर्न सकेको अवस्था पनि नहुँदा गैर कानूनी रुपमा भन्सार चोरी पैठारी गरेको प्रमाणित हुँदा प्रतिवादीहरुको बरामदित सामान जफत गरी निजहरूलाई जरिवाना र कैद समेत गर्ने गरी भएको राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय बाराको निर्णय मनासिव हुँदा सदर गरिनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

३०. यसमा विपक्षीहरुको मिलेमतोमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४(४), आन्तरिक ओसार पसार नियमन निर्देशिका २०६५ र भन्सार ऐन २०६४ को प्रावधान विपरित विना विलविजक प्रज्ञापनपत्र लगायतका प्रमाण कागज बेगर गैरकानूनी रुपमा ना ३ ख ४९५२ नं. को ट्रकमा अवैध रुपमा सामान राखी भन्सार छलि गर्ने कार्य भएको हुँदा

प्रतिवादीहरुलाई सजाय गरि पाउँ भन्ने अनुसन्धान अधिकृत जागेश्वर शर्मा समेतको प्रतिवेदन भएको प्रस्तुत मुद्दामा प्रतिवादी मध्येका एच एण्ड वि ट्रेड कन्सर्नका प्रो विरेन्द्र कुर्मी क्षेत्रीले ट्रकबाट बरामदित लेडिज कुर्था सुरुवाल १८१९ पिसलाई स्वीकार गरेको र पक्राउ परेका बखत निजले सक्कल विल विजक प्रज्ञापनपत्र महसूल बुझाएको निस्सा प्रमाण पेश गर्न नसकेको हुँदा निजलाई भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम अवैध रुपमा भन्सार चोरी पैठारी गरेको ठहर्याई निजलाई बरामदित कुर्था सुरुवालको विगो बमोजिम जरिवाना र ५ दिन कैद हुने, प्रतिवादी मध्येका अन्नपूर्ण किराना भण्डारको प्रो. प्रेमचन्द्र गोयलले ट्रकबाट बरामदित ६०० केजी नरिवललाई स्वीकार गरेको र पक्राउ परेका बखत निजले सक्कल विल विजक प्रज्ञापनपत्र महसूल बुझाएको निस्सा प्रमाण पेश गर्न नसकेको हुँदा निजलाई भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम अवैध रुपमा भन्सार चोरी पैठारी गरेको ठहर्याई निजलाई बरामदित नरिवलको विगो बमोजिम जरिवाना हुने, प्रतिवादी मध्येका निधि ट्रेड इम्पेक्सका प्रो. विनय कुमार कलवारले ट्रकबाट बरामदित ४०० केजी सुकुमेललाई स्वीकार गरेको र पक्राउ परेका बखत निजले सक्कल विल विजक प्रज्ञापनपत्र महसूल बुझाएको निस्सा प्रमाण पेश गर्न नसकेको हुँदा निजलाई भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम अवैध रुपमा भन्सार चोरी पैठारी गरेको ठहर्याई निजलाई बरामदित सुकुमेलको विगो बमोजिम जरिवाना र १ दिन कैद सजाय हुने । प्रतिवादीहरुमध्येका रामदेवरा इन्टरनेशनलका प्रो. आदिप कुमार चाचानले ट्रकबाट बरामदित ४६५४ पिस थर्माकोटलाई स्वीकार गरेको र पक्राउ परेका बखत निजले सक्कल विल विजक प्रज्ञापनपत्र महसूल बुझाएको निस्सा प्रमाण पेश गर्न नसकेको हुँदा निजलाई भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम अवैध रुपमा भन्सार चोरी पैठारी गरेको ठहर्याई निजलाई बरामदित विगो बमोजिम जरिवाना र १ महिना कैद हुने, प्रतिवादी मध्येका ना. ३ ख ४९५२ नं. का ट्रक चालक भुषण सुवेदीले सवारी धनीको अनुमति एवं जानकारी विना अवैध मालबस्तु चोरी पैठारी गर्ने कार्यमा ट्रकको प्रयोग गरेको हुँदा निजलाई रु. ५०००।– जरिवाना हुने र बरामदित मालबस्तु जफत हुने ठहर्याई शुरु मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैया बाराबाट मिति २०७३।३।१५ मा भएको निर्णयमा चित्त नबुझाई सो निर्णय गैर कानूनी हुँदा बदर गरी ना ३ ख ४९५२ नं. को ट्रकबाट बरामदित सामान फिर्ता दिलाई धरौटीमा राखेको रकम समेत फिर्ता दिलाई पाउँ भन्ने पुनरावेदन जिकिर सहित प्रतिवादीहरुको तर्फबाट छुटा छुट्टै प्रस्तुत पुनरावेदन परेको देखिन्छ ।

३१. उपरोक्तानुसारको तथ्य, बहस तथा पुनरावेदन जिकिर समेत भएको प्रस्तुत मुद्दामा शुरु भन्सार कार्यालयबाट भएको निर्णय मिलेको छ, छैन ? पुनरावेदकहरुको पुनरावेदन जिकिर बमोजिम हुने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

३२. निर्णयतर्फ विचार गर्दा, मिति २०७२।७।१४ गतेका दिन विहान १.१५ बजेको समयमा विरगंजबाट काठमाडौं तर्फ गइरहेको ना. ३ ख ४९५२ नं. को कन्टेनरमा विभिन्न सामानहरु भन्सार चोरी गरी लैजादै छ भन्ने सूचनाको आधारमा जिल्ला पर्सा विरगंज म.न.पा. वडा नं.

२४ परवानीपुरमा ना३.ख ४९५२ नं. को कन्टेनर काठमाडौ तर्फ गइरहेको अवस्थामा फेला पारी सो कन्टेनरका चालकसँग कन्टेनरमा लोड रहेका सामानहरुको प्रज्ञापनपत्र तथा विल भरपाई समेतका कागजात माग गर्दा पुरानो मितिको भन्सार प्रज्ञापनपत्रको फोटोकपी समेतका कागजात पेश गरेकोले उक्त कन्टेनर जस्ताको तस्तै माल सहित नियन्त्रणमा लिई सुख्खा बन्दरगाह भन्सार कार्यालयको मिति २०७१।५।४ गतेको प्र.द.नं. M९०३८, विरगंज भन्सार कार्यालयको मिति २०७१।६।६ को प्र.द.नं. M१२५५२३ मिति २०७२।४।१८ प्र.द.नं. M९७७५९४, मिति २०७२।५।२६ प्र.द.नं. M१०८७१५ र मिति २०७२।६।१ को प्र.द.नं. M११०६९८ को प्रज्ञापनपत्रको फोटोकपी सहित कन्टेनर गाडि राजस्व अनुसन्धान विभाग क्षेत्रिय कार्यालय बारा कानूनी कारवाहीको लागि पठाइएको भन्ने मिति २०७२।७।१५ को प्र.ना.उ. होविन्द्र बोगटीसमेतको प्रतिवेदनबाट प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भएको देखिन्छ ।

३३. विपक्षी कम्पनीहरु तथा ना. ३ ख ४९५२ नं. का कन्टेनर चालक भुषण सुवेदी समेतले मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४(४), आन्तरिक ओसार पसार नियमन निर्देशिका २०६५ र भन्सार ऐन २०६४ को प्रावधान विपरित विना विलविजक प्रज्ञापन लगायतका प्रमाण कागज बेगर गैरकानूनी रुपमा ना. ३ ख ४९५२ नं. को कन्टेनरमा अवैध रुपमा सामान राखी भन्सार छलि चोरी गर्ने कार्य भएको हुँदा प्रतिवादीहरुलाई सजाय गरि पाउँ भनी अभियोग लगाइएको पाइन्छ । मिति २०७२।७।१४ मा मालसामान सहितको ना ३ ख ४९५२ नं. को कन्टेनर पक्राउ पर्दा कन्टेनरमा रहेको सामानको भन्सार प्रज्ञापनपत्र खरिद विल विजक देखाउन चालक भुषण सुवेदीसँग माग गर्दा निजले सुख्खा बन्दरगाह भन्सार कार्यालयको मिति २०७१।५।४ गतेको प्र.द.नं. एम ९०३८, विरगंज भन्सार कार्यालयको मिति २०७१।६।६ को प्र.द.नं. M१२५५२३ मिति २०७२।४।१८ प्र.द.नं. M९७७५९४, मिति २०७२।५।२६ प्र.द.नं. M१०८७१५ र मिति २०७२।६।१ को प्र.दन.नं. M११०६९८ को प्रज्ञापनपत्रको फोटोकपी देखाएको हुँदा सो प्रमाण सहित कन्टेनर पक्राउ गरी कारवाहीको लागि पेश दाखिल भएको देखिन्छ ।

३४. मिति २०७२।७।१४ मा ना ३ ख ४९५२ को गाडि पक्राउ परेपछि विपक्षी कम्पनीको तर्फबाट कन्टेनरमा रहेको माल सामानको प्रज्ञापनपत्र, विल भरपाई, तथा कन्टेनर जाँचपास सहितको विवरण कागजात राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय, बारामा पेश गरी आफ्नो सामान छुटाउने प्रयास गर्नु पर्नेमा सो कार्य विपक्षीहरुबाट भए गरेको अवस्था पनि देखिदैन भने अर्को तर्फ ना ३ ख ४९५२ नं. को कन्टेनरमा रहेको सामान अवैध रुपमा पक्राउ गरियो भनी सो कार्यका विरुद्धमा विपक्षी एच एण्ड वि ट्रेड कन्सर्नले राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय, बारा समेतका उपर परमादेशको आदेश जारी गरी पाउँ भनी तत्कालिन पुनरावेदन अदालत हेटौडामा दायर गरेको ०७२–WO-०१०५ को रिट निवेदन, विपक्षी अन्नपूर्ण किराना भण्डारले पुनरावेदन अदालत हेटौडामा दायर गरेको ०७२–WO-०१०७ को रिट निवेदन, विपक्षी निधि ट्रेड इम्पेक्सले पुनरावेदन अदालत हेटौडामा दायर गरेको ०७२–WO-०१०८ को रिट निवेदन, विपक्षी रामदेवरा इन्टरनेशनल प्रा.लि. ले पुनरावेदन अदालत हेटौडामा दायर गरेको ०७२–

WO-०१०६ को परमादेशको रिट निवेदनमा भन्सार ऐन, २०६४ बमोजिम पैठारी भएका मालसामानको साथमा रहनु पर्ने प्रज्ञापनपत्रको सक्कल पनि पेश हुन नसक्नु र मूल्य अभिवृद्धि कर ऐन २०५२ तथा व्यापारिक बस्तुहरुको आन्तरिक ओसार पसार सम्बन्धी नियमन निर्देशिका, २०६५ बमोजिम व्यापारिक मालबस्तु रहेको कन्टेनरको साथमा अनिवार्य रुपमा रहनु पर्ने विल विजक पनि रहेको नदेखिएबाट निवेदक आफूले पालना गर्नुपर्ने कानून पालना नगर्ने उल्टै भन्सार ऐनको समेत अधिकार प्रयोग गर्ने अख्तियारी पाएको राजस्व अनुसन्धान कार्यालयका प्रमुख अनुसन्धान अधिकृतले प्रचलित कानून बमोजिम आफ्नो कर्तव्य निर्वाह गरी रहेको अवस्थामा निजले आफ्नो कर्तव्य निर्वाह नगरेको कारणबाट आफ्नो कानूनी अधिकार हनन भयो, त्यसको उपचारस्वरुप परमादेशको आदेश जारी गरी पाउँ भन्ने रिट निवेदकको भनाई परमादेशको आदेश जारी गर्नका लागि उचित र प्रयाप्त आधार देखिन आएन । यसरी आफ्नो कानूनी अधिकार र सरकारी निकायको कानूनी कर्तव्य स्थापित गर्न नसकेको अवस्थामा रिट निवेदकको सतही भनाइलाई आधार बनाएर परमादेशको आदेश जारी हुन सक्ने देखिएन । परमादेशको आदेश जारी गर्नु पर्ने अवस्थाको विद्यमानता नदेखिंदा रिट निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत, हेटौडाबाट मिति २०७२।९।२२ मा फैसला समेत भएको देखिन्छ ।

३५. अनुसन्धान अधिकारी समक्ष उपस्थत भई विपक्षी अन्नपूर्ण किराना भण्डार, रामदेवरा इन्टरनेशनल प्रा.लि., नीधि इम्पेक्स, एच एण्ड वि ट्रेड कन्सर्नका अख्तियार प्राप्त प्रतिनिधि किरण बहादुर कटुवालले मालसामानको विल विजक तथा भन्सार प्रज्ञापनपत्रको फोटोकपी श्रोतको लागि चालकलाई दिएर पठाएको हो । प्रहरीले गाडि नियन्त्रणमा लिई चालकले दिएको विल विजक पेश नगरी प्रज्ञापनपत्रको फोटोकपी मात्र दिएको हो । पुनरावेदन अदालत हेटौडामा परमादेशको रिट दायर गर्न गएको हुँदा सबुत प्रमाण सहित कार्यालयमा उपस्थित हुन नसकेको हुँदा हुलाक मार्फत कागजात पठाएको हो । ना. ३ ख ४९५२ नं. को गाडिमा आदर्शनगर विरगंज स्थित गोदामबाट सामान लोड गरेको हो, गाडि धनीको नाम थाहा छैन । चालक भुषण सुवेदीसँग कुरा गरेर सामान लोड गरेको हो । सामान चोरी पैठारीको होइन । कानूनी रितपुर्वक ल्याएको हो भनी राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय बारामा चारवटै फर्मको तर्फबाट एकै व्यहोरा मिलान हुने गरी ना ३ ख ४९५२ नं को कन्टेनरमा रहेको सामान आफ्नो हो भनी बयान गरेको देखिन्छ ।

३६. त्यसैगरी मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ को उपदफा (४) मा "दश हजार रुपैया भन्दा बढीको कर लाग्ने बस्तु विभागले तोकेको क्षेत्र बाहिर ढुवानी गर्नेले कर विजक साथमा राख्नु पर्नेछ" भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ । उक्त व्यवस्थाले मूल्य अभिवृद्धि कर लाग्ने बस्तु ढुवानी गर्दा अनिवार्य कर विजक साथमा राख्नु पर्ने व्यवस्था गरेको पाइन्छ । मूल्य अभिवृद्धि कर ऐनको उल्लेखित व्यवस्थालाई थप स्पष्ट पार्दै व्यापारिक बस्तुहरुको आन्तरिक ओसारपसार सम्बन्धी नियमन निर्देशिका, २०६५ को दफा २ को परिभाषाको खण्ड (घ) मा आन्तरिक ओसारपसारको परिभाषा गर्दै उप खण्ड (अ) मा "पैठारीकर्ताले विक्री गर्ने बस्तु पठाउने कार्य" सम्झनु पर्ने व्यवस्था गरेको पाइन्छ । विपक्षी कम्पनीहरुले भारतबाट

रितपूर्वक भन्सार जाँचपास गराई सामान पैठारी गरी आफ्नो गोदाममा राखेको सामान क्रेताको माग बमोजिम व्यापारिक बस्तुहरु आन्तरिक ओसार पसार गरेको भनी पुनरावेदनमा जिकिर लिएपनि सो जिकिर प्रमाणित हुने व्यापारिक बस्तुहरुको आन्तरिक ओसार पसार सम्बन्धी नियमन निर्देशिकाको दफा ३ मा आयातकर्ता वा स्वदेशी उद्योगले मालबस्तु ओसार पसार गर्दा जारी भएको कर विजक उक्त मालसामान ओसार पसार गर्दा प्रयोग भएको सवारी साधन सँगै रहनु पर्ने व्यवस्था भएको पाइन्छ । यसरी कानूनमा प्रष्टसँग उल्लेख भएको प्रावधान अनुसार व्यापारिक बस्तुहरुको आन्तरिक तवरबाट ओसारपसार गर्दा ओसार पसार गर्ने सवारी साधन साथमा नै रहेको हुनुपर्ने व्यापारिक बस्तुहरुको कर विजक विल भरपाई एवं प्रज्ञापनपत्र लगायतको सबुत प्रमाण पक्राउ परेको सवारी साधनसँग रहे भएको भनी पुनरावेदकहरुले पुष्टि गर्न सकेको देखिन आएन ।

३७. भन्सार ऐन, २०१९ को दफा २(ठ) मा "चोरी निकासी वा पैठारी" भन्नाले "माल वस्तु निकासी वा पैठारी गर्दा तिर्नुपर्ने भन्सार महसूल नतिरी वा बाटो छली वा लुकाई छिपाई ल्याएको लगेको काम सम्झनु पर्छ ।" भनी उल्लेख गरिएको छ । ना ३ ख ४९५२ नं. को कन्टेनर पक्राउ परेपछि विपक्षी कम्पनीहरूले भन्सार प्रज्ञापनपत्र बील विजक देखाउन नसकेका सामानहरूको भन्सार तिरेको छु भन्ने प्रमाण पुर्‍याउने भार प्रमाण ऐन, २०३१ को दफा २८ अनुसार प्रतिवादीहरूको नै हुन आउँछ । तर प्रतिवादीहरूले आफूले भन्सार तिरेको भनी दावि लिए पनि पक्राउ परेको सामानहरू पहिला खरीद गरिएका र विक्री हुन नसकी बाँकी रहेका भन्ने विपक्षी प्रतिवादीहरूको कथन रहेको छ भने निजहरूले निवेदन साथ पेश गरेका बील विजकहरू २०७१ साल र सो भन्दा पछिका मात्र रहेका छन् । यसरी आफ्नो कन्टेनरबाट बरामद भएका सामानहरूको नियमानुसार पेश गर्नु पर्ने भन्सार तिरेको बील विजक प्रस्तुत गर्न नसकेपछि ती सामानहरू कानूनतः चोरी पैठारी गरी ल्याएको मान्नुपर्नेमा विवाद देखिएन ।

३८. विपक्षी कम्पनीहरुले सामान ढुवानीको लागि प्रयोग गरेको ना ३ ख ४९५२ नं. को कन्टेनर पक्राउ पर्दा सो कन्टेनरमा पुरानो मितिको प्रज्ञापनपत्रको प्रतिलिपी मात्र सवारी चालकले उपलब्ध गराएको भन्नेसम्म देखिन्छ । विपक्षीहरुले पुनरावेदनमा जिकिर लिए बमोजिम कानूनद्धारा निर्धारण गरिएका कागजात कन्टेनरसँग साथै थियो भन्ने कुराको प्रमाणबाट पुष्टि गर्न सकेको अवस्था पनि छैन । त्यसैगरी विपक्षीहरु मौकामै कन्टेनर पक्राउ परेपछि तुरुन्तै राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय गै आवश्यक कागजात पेश गर्न सकेको पनि देखिंदैन । मालसामान जफत भइसकेपछि हुलाकबाट विल विजक मिले भिडेसम्मका मालबस्तु फिर्ता पाउँ भनी दिएको निवेदन र पुनरावेदन लेखलाई मात्रै आधार मानी मालसामान रितपूर्वकको हो भन्न सकिने स्थिति नहुँदा एवं यसै विषयमा पुनरावेदकहरू तत्कालिन पुनरावेदन अदालत, हेटौडामा रिट निवेदन दिए उपर जफत भएका सामानहरूको विल विजक तथा प्रज्ञापनपत्र पेश गर्न नसको भनी भएको फैसलाबाट समेत स्थापित भैरहेको देखिंदा शुरु भन्सार कार्यालयबाट विपक्षी कम्पनीले दावी गरेको कन्टेनरबाट बरामद सामान जफत गरी निजहरूलाई विगो बमोजिम जरिवाना र कैद समेत गर्ने गरी भएको निर्णयलाई अन्यथा गर्नुपर्ने देखिन आएन ।

३९. ना ३ ख ४९५२ नं. का कन्टेनर चालक भुषण सुवेदीले कन्टेनर पक्राउ परेका बखत मैले दाखिल गरेको विल विजक प्रज्ञापन लगायतका कागजको सम्बन्धमा बुझ्दै नबुझी सामान अवैध हो भनी कसुरदार ठहर गरेको छ भन्सार कार्यालयको निर्णय गैर कानूनी हुँदा बदर गरी सफाई पाउँ भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, निज प्रतिवादी भुषण सुवेदी मौकामा भन्सार कार्यालयमा उपस्थित भई बयान गर्दा गाडि धनी राजेश कुमार केसी हुन्, ४९५२ नं. को सवारी डेढ वर्ष अगाडि देखि आफूले चलाउँदै आएको छु । सवारी चलाए वापत प्रति महिना तलव रु ८०००।– र प्रतिटिप १ हजार भत्ता पाउँछु । सामानको भाडा आफैले तय गर्छु । गाडि धनिलाई केही थाहा छैन । नेपाल बन्द भएको हुँदा सो दिनको भाडा रु. ४०००।– तय गरेको हो । गाडि पक्राउ पर्दा सबै विल विजकको मुठा प्रहरीलाई बुझाएको हो । प्रहरीले किन विल विजक नभएको भन्यो थाहा भएन । सामान साझारोड क्यारियर्सको गोदामबाट लोड गरेको हो । सामान के के लोड भयो थाहा भएन । सो क्यारियर्सले दिएको विल भरपाई प्रहरीलाई बुझाएको छु । ब्लुबुक गाडि मै रहेको हुँदा अहिले फेला परेन । ब्लुबुक पछि पेश गर्नेछु भनी बयान गरेको देखिन्छ । अन्य विपक्षी कम्पनीहरुले पनि कन्टेनरबाट बरामद भएको सामानलाई आफ्नो हो भनी स्वीकार गरेको र सो सामान रितपूर्वक भन्सार जाँचपास गराई ल्याएको भन्ने सबुत प्रमाण पेश दाखिल हुन नसकेको भनी सामान अवैध भन्सार चोरी पैठारी गरेको ठहर गरेको शुरु भन्सार कार्यालयको निर्णय सदर भैसकेको अवस्था रहेको र प्रतिवादी चालक सो अवैध सामान ओसार पसार गर्ने कार्यमा संलग्न रहेको भन्ने कुरालाई निजले अन्यथा भन्न सकेको देखिदैन । मिसिल संलग्न प्रमाणबाट प्रतिवादी चालकले सो सामान ढुवानी गर्न सवारी धनीसँग इजाजत लिएको समेत नदेखिएको र चालक आफू खुशी अवैध सामान ओसार पसार गर्ने कार्यमा संलग्न रहेको अवस्था हुँदा निजलाई कसूरदार ठहर गरी जरिवानासम्म गरेको शुरु भन्सार कार्यालयको निर्णयलाई अन्यथा गर्नुपर्ने देखिन आएन ।

४०. माथि विवेचित आधार एवं कारण समेतबाट पुनरावेदकहरू अन्नपूर्ण किराना भण्डार (स्थायी लेखा नं. ३०००७८१९४), रामदेवरा इन्टरनेशनल (स्थायी लेखा नं. ३०५७४१६५३), निधि इम्पेक्स, (स्थायी लेखा नं. ३०३०१९९४७), ट्रेड कन्सर्न (स्थायी लेखा नं. ३०१४४६१६२) र भुषण सुवेदी समेतलाई राजस्व अनुसन्धान विभाग, राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रिय कार्यालय, पथलैया, बाराको मिति २०७३।०३।१५ को निर्णय मिलेको देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

प्रस्तुत फैसलाको प्रतिलिपि समेत विशेष सरकारी वकील कार्यालय काठमाण्डौलाई जानकारी दिनु ..........................................................................१

सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु ..............................................................................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरीमिसिल अभिलेख शाखामा बुझाईदिनु ..........................................................................३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

**फैसला तयारीमा सहयोग गर्नुहुनेः-**

टिपोट गर्नेः —श्री लेख बहादुर कोइराला(शाखा अधिकृत)

कम्पयूटर टाइपः प्रदिप तिवारी

इति सम्वत् २०७६ साल बैशाख महिना १२ गते रोज ५ शुभम् ..........................